नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २०३ २०७८ साल फागुन ३० गते सोमबार (14 Mar. 2022 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थतन्त्रमा देखिएको चुनौती.. ३ पृष्ठमा : 'घर-घर जाऔं, कांग्रेस.. ३ पृष्ठमा : सुडानमा हिंसा अन्त्यका लागि ...

# आगलागिले एक दर्जन भन्दा बढी घर खरानी, लाखौंको क्षति, ९ चैपाया मरे



**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**
सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ स्थित टेंग्रि टोलमा शनिबार मध्यरातमा भएको आगलागिमा एक दर्जन भन्दा बढी घर जलेर खरानी भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार सो आगलागिमा परि ९ वटा पशुचौपाया समेत जलेर मरेका छन् भने आगलागिबाट २३ लाख ७५ हजारको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

आगोले डम्बर यादव, श्याम यादव, दिनेश यादव, मनोज यादव, कुलदेव यादव, महेश यादव, बृजनारायण यादव, भोला यादव, सत्यनारायण यादव, अमरेन्द्र यादव, उपेन्द्र यादव, धिरज यादवलगायत १३ परिवारको घर जलेको खरानी भएको प्रहरीले जनाएको छ ।

स्थानिय डम्बर यादवको घर अगाडी थुपारेर राखिएको रुखको पातबाट शनिबार मध्यरात २ बजे अचानक सल्केको आगो समयमै नियन्त्रणको उपाय हुन नसक्दा फैलिएर एक दर्जनभन्दा बढी घर नष्ट भएका छन् भने लाखौंको धनमाल जलेको हो । आगलागिमा परेका सबै घर फुस र काठबाट बनेका हुन् ।

गाउँपालिका अध्यक्ष पर्शुराम चौधरीले आगलागिमा घर, लत्ताकपडा, खाद्यान्न, फर्निचर र ९ वटा पशुचौपाया समेत जलेर मरेको जानकारी दिए ।

राजविराज, हनुमाननगर र शम्भुनाथ नगरपालिकाको बारुणयन्त्र तथा प्रहरी र स्थानियको सक्रियतामा बिहान ४ बजेतिर आगो नियन्त्रणमा आएको डिएसपी काफ्लेले बताए ।

यसैबीच मधेश प्रदेशका सामाजिक विकास मन्त्री नवलकिशोर साहले अग्निपीडितलाई

*बाँकी अन्तिम पृष्ठमा*

# भाडा समायोजन नगरिए ८ गतेदेखि भाडा बढाउने चेतावनी

काठमाडौँ, २९ फागुन (रासस) ।
यातायत व्यवसायीले चैत ७ सम्म सरकारबाट यातायातको भाडा समायोजन नगरे एकतर्फी भाडा बढाउने चेतावनी दिएका छन् । पेट्रोलियम पदार्थमा पटक-पटक मूल्यवृद्धि हुँदा पनि गत असार २७ गते समायोजन गरिएको भाडा अहिलेसम्म यथावत् रहेको जनाउँदै व्यवसायीले तत्काल भाडा समायोजन गर्न सरकारसँग माग गरेका हुन् ।

विगतमा डिजेलको मूल्य १०४ हुँदा समायोज भएको भाडा अहिले रु १३३ पुग्दासमेत यथावत् हुनु विडम्बना भएको व्यवसायीको गुनासो थियो। बजारका हरेक वस्तुको मूल्य आकासिँदै गएको समयमा वैज्ञानिक भाडा समाजोजन आजको आवश्यकता भएको उनीहरुको भनाइ थियो ।

आइतबार पत्रकारसम्मेलन गरी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले वैज्ञानिकरुपले भाडादर समायोजन गर्नाका लागि सरकारसँग माग गर्नुभयो । उहाँले ७ गतसम्म भाडा समायोजन नभए बाध्य भएर व्यवसायी आफैँले समायोजन गर्ने चेतावनी पनि दिनुभएको हो ।

व्यवसायीका अनुसार हाल तय भएको वैज्ञानिक भाडा प्रणाली अनुसार इन्धनको ३५ प्रतिशत सूचकलाई आधार मान्दा सार्वजनिक बसको लागत नौ दशमलव०३, ट्रक (पहाड) को ११ दशमलव८२ र ट्रक (तराई)को १३ दशमलव१३ प्रतिशत लागत वृद्धि भएको छ ।

यस्तै पेट्रोलबाट सञ्चालित सवारी साधानको लागत आठ दशमलव पाँच प्रतिशत वृद्धि भएको पत्रकार सम्मेलनमा जनाइएको थियो । व्यवसायीले गण्डकीमा भाडा समायोजन गरिए पनि बागमती प्रदेशमा भने नगरिएको प्रति पनि ध्यानाकर्षण गराएका थिए ।

गएको असार २७ गते समायोजन भएको भाडादर पर्यटक बोक्ने सवारी साधनको हकमा समायोजन नभएकाले त्यसमा पनि वैज्ञानिक भाडादर समायोजन गर्न माग गरिएको थियो ।

# कम बजेटमा पनि मधेश प्रदेश सरकार हरेक क्षेत्रमा विकास गर्दै : मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**
मधेश प्रदेशका आन्तरिक मामिला तथा संचारमन्त्री भरतप्रसाद साहले संघीय सरकारको एक मन्त्रालयले पाउने रकम भन्दा पनि कम पाउने बजेटले प्रदेश संचालन गरिरहनु परेको बताएका छन् ।

मिडिया काउन्सील मधेश प्रदेशद्वारा आइतबार राजविराजमा आयोजना गरिएको संचार माध्यम र पत्रकार आचारसंहिता निर्माण सम्बन्धी सुझाव संकलन कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

सीमित श्रोत साधनका बाबजुद पनि मधेश प्रदेश सरकारले हरेक क्षेत्रको विकासका लागि काम गरिरहेको मन्त्री साहले बताए । उनले यस्तो अवस्थाका बाबजुद मधेश प्रदेश सरकारले हरेक क्षेत्रसँगै राज्यको चौथो अंगको रुपमा रहेको पत्रकार र पत्रकारिता क्षेत्रको उत्थानका लागि काम गरिरहेको दाबी समेत गरे ।

मिडिया काउन्सील मधेश प्रदेशका अध्यक्ष शिवहरिप्रसाद भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा आन्तरिक मामिला तथा संचार राज्यमन्त्री रुबी कर्ण,

*बाँकी दुई पृष्ठमा*




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### शिक्षामा सुधार ल्याएर मात्र तुलना गरौं

अहिले मुलुकभरिका सामुदायिक विद्यालयमाथी निजि विद्यालयहरुका संचालकहरुले विभिन्न खाले भेदभावको गरिरहेको आरोप लगाउँदै आएका छन्। सरकारले शिक्षा नीतिमा दोहोरो चरित्र देखाएको भन्दै निजि विद्यालयहरुका संचालकहरुले आरोप लगाएका हुन्। सरकारले सामुदायिक विद्यालयहरुलाई उकास्न विभिन्न खाले छात्रबृतीका साथै निशुल्क शिक्षाको व्यवस्था गरेको छ। तर, निजि विद्यालयहरुलाई चर्को शुल्क नलिन तथा शिक्षामा कर, शिक्षकहरुलाई नियमानुसार तलब लगायतका प्रावधानका लागि सरकारले समय समयमा दबाब दिँदै आएको छ। हुन त सरकारले दिँदै आएको दबाब पनि स्वभाविकै हो। निजि विद्यालयहरुले शुल्क बढी लिएर शिक्षकलाई तलब न्युन दिने कुरा कसैसामु लुकेको छैन्।

निजि विद्यालयहरुले शिक्षाको नाममा विभिन्न खाले शुल्क लिने गरेको गुनासो समेत आउने गरेको छ। तर, पनि अभिभावकहरुले राम्रो पढाई र बालबालिकाको शिक्षामा गुणस्तर बढ्ने भन्दै निजि विद्यालयमा भर्ना गरिरहेका छन्। त्यसको तुलनामा सामुदायिक विद्यालयहरुमा पढाई भन्दा बढी राजनीति हुने र शिक्षामा सुधार समेत नभएको कुरा पनि छर्लङ छ। यस्तो परिस्थितिमा अभिभावकहरु निजि विद्यालय नै रोज्ने गरेका छन्। तर, निजि विद्यालयहरुले पनि शुल्क लिएपनि राम्रो शिक्षा दिनेतर्फ बढी केन्द्रित हुनुपर्छ। हाल निजि विद्यालय संचालकहरुले मनोमानी ढंगले शिक्षामा उच्च शुल्क लिएर मनोमानी देखाइरहेका छन्। सामुदायिक विद्यालय सरकारको अधिनमा रहेको हुँदा शिक्षकहरुले सरकारी तलब सुविधा पाउने गरेका छन्। तर, शिक्षामा सुधार ल्याउन सकेका छैनन्। जसले गर्दा निजि विद्यालयहरुप्रति अभिभावकहरुको पहिलो रुची हुनु स्वभाविक हो।

तसर्थ सरकारले सामुदायिक र निजि विद्यालयहरुलाई एकै नासे आँखाले हेर्नु पर्ने आवश्यक रहेको छ। सरकारले सामुदायिक विद्यालयलाई निजि जस्तै शिक्षा दिनेप्रति उत्प्रेरित गर्न नीति बनाउनु पनि उत्तिकै आवश्यक रहेको छ। अनि मात्र दुबै विद्यालयको तुलान गर्नुपर्छ।

# अर्थतन्त्रमा देखिएको चुनौती समाधान गर्न आयातमा सीमा राखिएको हो : अर्थमन्त्री

काठमाडौं, २९ फागुन (रासस)। अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्रमा देखिएको चुनौती समाधान गर्न आयातमा मार्जिनको व्यवस्था गरिएको बताउनुभएको छ।

भन्सार विभाग, त्रिपुरेश्वरमा आइतबार आयोजित भन्सार व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्दै उहाँले आयातमा गरिएको कडाईले भन्सार असुली प्रभावित भए पनि मेहनत गरेर लक्ष्यमा पुग्न निर्देशन दिनुभयो।

"देशको अर्थतन्त्र यतिबेला चुनौतीपूर्ण अवस्थामा छ। यसलाई समाधान गर्न हामीले केही वस्तुको आयातमा मार्जिन राखेका छौं", उहाँले भन्नुभयो, "यस्तो अवस्थाले भन्सार प्रभावित पनि भएको छ। तर, यो सधैंका लागि राखिएको होइन। हाम्रो बाध्यकारी परिस्थितिले यो अवस्था सिर्जना भएको छ। स्थिति सामान्य हुनासाथ भन्सार प्रणालीले नियमित काम गर्नेछ।"

अर्थमन्त्री शर्माले भन्सार कार्यालयमा देखिएका समस्या समाधान गर्न, नीतिबाट सिर्जित नयाँ चुनौतीको सामना गर्दै राजस्व परिचालनमा प्रभावकारी हुन र व्यापार सहजीकरणमा उत्कृष्ट भूमिका खेल्न गोष्ठी प्रभावकारी हुने आफूले विश्वास लिएको बताउनुभयो।

त्यस्तै वस्तु आयातमा गरिएको वर्गिकरणसम्बन्धी व्यवस्थाले व्यवसायीमा असन्तुष्टि देखिएकाले त्यसलाई पनि गोष्ठीका माध्यमबाट समाधानको सुत्र पहिल्याउन पनि उहाँले निर्देशन दिनुभयो। उहाँले भन्सार कार्यालयमा प्रयोग हुने भेहिकल स्क्यानिङ सम्बन्धी निर्देशिका बन्दै गरेको र चाँडै कार्यान्वयनमा आउने जानकारी दिनुभयो।

अर्थमन्त्री शर्माले व्यापारलाई सहजीकरण गर्दै राजस्व परिचालनमा अगाडि बढ्न सबै कर्मचारीलाई निर्देशन दिनुभयो। माघ मसान्तसम्मको लक्ष्य भन्दा बढी भन्सार राजस्व परिचालन गरेकोमा उहाँले खुसी व्यक्त गर्नुभयो।

भन्सार विभागका उपमहानिर्देशक आनन्द काफ्लेले माघ मसान्तसम्म रु तीन खर्ब ५ अर्ब राजस्व सङ्कलनको लक्ष्य भए पनि आयातमा गरिएको कडाइका बाबजुद रु तीन खर्ब ८ अर्ब राजस्व सङ्कलन भएको जानकारी दिनुभयो। यो गत वर्षको सोही अवधिको तुलनामा २९ प्रतिशत बढी हो।

सो अवसरमा अर्थमन्त्री शर्माले निर्यातमा सुधार भइरहेकामा खुसी व्यक्त गर्नुभएको थियो। "कूल वैदेशिक व्यापारमा निर्यातको हिस्सा १० प्रतिशत नाघेको छ। हामीले माघ मसान्तसम्म रु एक खर्ब ३१ अर्बको निर्यात गरेका छौं", उहाँले भन्नुभयो, "तर, हामी यतिमा रोकिनुहुँदैन। प्रत्येक वर्ष १० प्रतिशतका दरले निर्यातमा हिस्सा थप्दै एक दिन आत्मनिर्भर हुने बाटोमा जानुपर्छ।"

उहाँले सबै कर्मचारीलाई मेहनत गरेर राजस्व प्रशासन र राजस्व परिचालनमा उत्कृष्ट काम गर्न निर्देशन पनि दिनुभयो।

# एमालेसँग तत्काल सहकार्यको सम्भावना छैन् : अध्यक्ष दाहाल

मोरङ, २९ फागुन (रासस)।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेकपा एमालेसँग तत्काल सहकार्यको सम्भावना नरहेको बताउनुभएको छ।

प्रेस सङ्गठन नेपाल प्रदेश समितिद्वारा आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "आगामी निर्वाचन परिवर्तनलाई संस्थागत गर्ने पक्ष र संसद् अवरुद्ध गर्ने पक्षबीच प्रतिस्पर्धा हुन्छ।" अध्यक्ष दाहालले आफ्नो विचार, एजेण्डा, भिजन प्रस्तुत गरेर आफ्नै बलमा चुनाव जित्ने प्राथमिकतासहित जनतासमक्ष जाने उल्लेख गर्दै चुनाव नजिक आउँदै गर्दा मुद्दा मिल्नेहरु र लेनदेन गर्न सहज हुनेहरुबीच गठबन्धन पनि हुनसक्ने बताउनुभयो।

"आगामी चुनाव परिवर्तनलाई संस्थागत गर्ने र उल्ट्याउन खोज्नेहरुको प्रतिस्पर्धा हुन्छ", उहाँले भन्नुभयो, "गठबन्धनका पार्टीहरुबीच तालमेल होस् भन्ने हाम्रो जोड हुन्छ।" पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष दाहालले नेपाली कांग्रेस नेतृत्वको प्रधानमन्त्रीले गठनबन्धन पार्टीबीच मिलेर चुनावमा जाने भन्नुभएकाले यसलाई गठबन्धनले सकारात्मक रुपमा लिएको बताउनुभयो।

उहाँले एमाले नेतृत्वसँग संसद् अवरुद्ध नगर्ने विषयमा गठबन्धन दलका शीर्ष नेतृत्वले छलफल गरेको तर सहमति नभएकाले विकल्पका रुपमा संसद् अवरुद्धबीच विधेयक पास गरी तोकिएको समयमा नै संसद्को निर्वाचन सम्पन्न गर्ने बिषयमा गठबन्धन दलबीच सहमति भएको जानकारी दिनुभयो।

मोरङको रङ्गेली नगरपालिका प्रमुखले माओवादी परित्याग गरी एमालेमा प्रवेश गरेको सम्बन्धमा पत्रकारद्वारा सोधिएको प्रश्नको जवाफमा अध्यक्ष दाहालले केही मान्छे पार्टी छोड्ने तथा आउने जानेक्रम चलिरहन्छ, त्यो उहाँहरुको व्यक्तिगत स्वार्थका कारणले भएको स्पष्ट पार्नुभयो।

उहाँले तत्काल एमालेसँग निर्वाचनमा सहमति कायम राख्ने कुनै सम्भावना नरहेको बताउँदै काँग्रेससँग कतिपय स्थानमा गठबन्धन गरी जान सकिने बताउनुभयो। उहाँले माओवादी विचारधारा मिल्ने वामपन्थी दलसँग गठबन्धन गरी निर्वाचन जानसक्ने बताउनुभयो।

अध्यक्ष दाहालले एमसिसीको व्याख्यासहितको सम्मानजनक कार्यान्वयन हुने बताउँदै राष्ट्रिय स्वाधीनतासहित विकासमा यसले मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो।

### कम बजेटमा पनि...

प्रेस काउन्सीलका पूर्व सदस्य अनिलकुमार अनल, मन्त्रालयका सचिव रामकुमार महतो, आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साह, पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेशकुमार कर्ण, सचिव भोला पासवान, महासंघ सप्तरी शाखाका अध्यक्ष श्रवण देव, सिरहा शाखाका अध्यक्ष मनोज बनरैत यादवले पनि आ-आफ्नो सुझाव दिएका थिए।

कार्यक्रममा सिरहा र सप्तरीका संचारकर्मीहरुलाई दुई समूहमा विभाजन गरि पत्रकार आचारसंहितामा समावेश गर्नु पर्ने र प्रस्तावित आचारसंहिताबाट हटाउनु पर्ने विषयहरुबारे समूहगत छलफल चलाइएको थियो।

कार्यक्रममा मिडिया काउन्सीलका सदस्य कैलाश दास, बन्दना झा, रिंकु मिश्रा र अर्जुन मण्डलले सहजकर्ताको भूमिका निर्वाह गरेका थिए।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# ‘घर-घर जाऔँ, कांग्रेस जिताऔँ’

काठमाडौँ, २९ फागुन (रासस) ।

नेपाली कांग्रेसले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको तयारी लागि आइतबारदेखि एकमहिने ‘घर-घर जाऔँ, कांग्रेस जिताऔँ’ अभियान प्रारम्भ गर्दैछ ।

आगामी चैत २९ गतेसम्म सञ्चालन हुने अभियानअन्तर्गत स्थानीय तहको निर्वाचनको मतदानमा सहभागी भई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्न मतदातालाई अपिल गर्दै निर्वाचनको माहोल बनाउने उद्देश्य राखेको छ । पार्टी प्रवक्ता डा प्रकाशशरण महतका अनुसार स्थानीय निर्वाचनमा कांग्रेसलाई विजयी गराउन वडा र टोल तहसम्म पार्टीभित्र सौहार्दता, एकता र ऊर्जा अभिवृद्धि गर्ने, कांग्रेसका उम्मेदवारहरूलाई विजयी गराउन मतदातालाई अपिल गर्ने अभियानको उद्देश्य छ ।

यसैगरी ‘हरेक काँधलाई भारी, हरेक हातलाई जिम्मेवारी’ को नीतिसाथ पार्टीको विधानमा व्यवस्था गरिएका विभिन्न जिम्मेवारी बाँडफाँट गरेर पार्टीपङ्क्तिलाई स्थानीय निर्वाचनमा बृहत्तर परिचालनतर्फ उन्मुख गराइने पार्टी कार्यालयले जनाएको छ । कांग्रेसको नेतृत्वमा विगतमा हासिल राजनीतिक र आर्थिक उपलब्धि जनसमक्ष विस्तारितरूपमा राख्ने, प्रतिपक्षमा रहनुपर्ने जिम्मेवारीका बाबजुद संविधान रक्षाका लागि बाध्यात्मकरूपमा सरकारमा जानुपरेको यथार्थ जनसमक्ष राख्ने, कांग्रेसको नेतृत्वमा सरकार बनेपछि छोटो समयमा ७० प्रतिशत नागरिकलाई खोप लगाइसकेकोलगायत सरकारका जनहितकारी कार्य जनतासमक्ष पुऱ्याउने अभियानको उद्देश्य छ ।

अभियानका क्रममा पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) संसद्बाट सहमतिमा पारित गर्न सफलता प्राप्त गरेको विषय र त्यसबारेका भ्रम र दुष्प्रचारलाई चिर्दै वास्तविकरूपमा राख्ने कांग्रेसले जनाएको छ । कांग्रेसले अभियान सुरु हुनु दुई दिनअघि सबै जिल्लामा पार्टीका केन्द्रीय प्रतिनिधि पुगिसक्ने गरी खटाएको छ । सङ्घीय संरचना निर्माणपश्चातको यो प्रथम अभियान प्रभावकारीरूपले सफल बनाउन पार्टीको सात प्रदेश कार्यसमितिले आफ्नो प्रदेशमा नेतृत्वदायी महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन् ।

सो क्रममा केन्द्रबाट निर्धारित अभियानलाई सफल बनाउन आवश्यक कार्ययोजना निर्माण गर्ने, सम्पूर्ण कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक जिम्मेवारी बाँडफाँट गर्ने, अभियानका कार्यक्रम व्यवस्थित बनाउन प्रेरक भूमिका र आवश्यक समन्वय गर्ने, केन्द्रद्वारा निर्धारित कार्यक्रमलाई असर नपर्ने गरी आफ्नो प्रदेशभित्र अभियानमा आवश्यकतानुसार थप कार्यक्रम तर्जुमा गर्ने र आफ्नो प्रदेशभित्रको समग्र अभियानलाई सम्पूर्ण अनुगमन गर्ने गरी प्रदेश समितिलाई जिम्मेवारी तोकिएको प्रवक्ता डा महतले जानकारी दिनुभयो । सबै जिल्लामा एकै दिन, एकै समयमा आइतबार दिउँसो १ बजे एकसाथ जिल्लास्तरीयरूपमा अभियान शुभारम्भ हुनेछ ।

# दश हजार जनसंख्या भएका स्थानीय तहले पौने तीन करोड अनुदान पाउने

काठमाडौँ, २९ फागुन (रासस) ।

सरकारले आगामी आर्थिक वर्षको बजेटको तयारी थालेसँगै संवैधानिक आयोग प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न सूचकका आधारमा प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदानको सीमा तय गरेको छ ।

आयोगले शुक्रबार मात्रै तथ्य र सूत्रका आधारमा समानीकरण अनुदानको सीमा तय गरेको हो । उक्त अनुदानको सिफारिसका लागि मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी पाँच वटा शीर्षक तय गरी मूल्याङ्कन गरिएको छ ।

सो मूल्याङ्कनका आधारमा सात प्रदेशले कूल रु ४३ अर्ब ७७ करोड तीन लाख र स्थानीय तहले रु ७० अर्ब आठ करोड ९९ लाख पाउनेछन् । यस आधारमा समानीकरण अनुदानतर्फ सङ्घीय सरकारले रु एक खर्ब १३ अर्ब ८६ करोड दुई लाख बराबरको बजेट उपलब्ध गराउनेछ । आयोगले मानव विकास सूचकाङ्कमा १०, आर्थिक सामाजिक असमानतामा पाँच, पूर्वाधार विकासतर्फ १० प्रतिशत बराबरको भार तय गरेको छ । पूर्वाधारमा सडकको घनत्व, विद्युत्को सुविधा, सूचना प्रविधिको पहुँच, खानेपानी र सरसफाइलाई उपसूचकमा राखिएको छ । राजश्वको अवस्थामा पाँच प्रतिशत र खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमतामा ७० प्रतिशत सूचकको भार राखिएको छ ।

आयोगका अनुसार वित्तीय

***बाँकी अन्तिम पृष्ठमा***

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh



MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### सुडानमा हिंसा अन्त्यका लागि संयुक्त राष्ट्रसङ्घको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २९ फागुन (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घले सुडानमा हिंसा अन्त्यका लागि आह्वान गरेको छ ।

संयुक्त राष्ट्रसङ्घले पछिल्ला केही दिनमा डार्फोरमा जारी रहेका हिंसाको तत्कालै अन्त्य हुनुपर्ने पनि बताएको छ ।

केही समयदेखि यहाँ जारी रहेको हिंसाले धेरै नागरिकको ज्यान गएको भन्दै यसको अन्त्य गरेर शान्तिपूर्ण प्रक्रियाबाट समस्याको समाधान खोज्नुपर्नेमा संयुक्त राष्ट्रसङ्घले जोड दिएको हो ।

सुडानका लागि संयुक्त राष्ट्रसङ्घीय मिसनले शनिबार सो आग्रह गरेको हो । सो मिसनले विज्ञप्ति प्रकाशन गरेर यहाँका सबै पार्टीलाई हिंसा त्यागेर शान्तिपूर्ण वार्ताका माध्यमबाट समस्याको समाधान खोज्न आग्रह गरेको हो ।

यसअघि गत हप्तामात्र पनि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटर्रेसले पनि अहिलेको हिंसा अन्त्य गरेर संयुक्त राष्ट्रसङ्घको मध्यस्थताका माध्यमबाट शान्ति स्थापना गर्न चाहेको बताउनुभएको थियो ।

महासचिव गुटर्रेसले भन्नुभएको थियो, सबैभन्दा पहिला त हामी यहाँको सरकारलाई हिंसा रोक्न आग्रह गर्दछौं, हालैका दिनमा भएका प्रदर्शनमा गरिएको जस्तो दमन तत्काले बन्द गर्न पनि आग्रह गर्दछौं ।

यहाँ नागरिक प्रदर्शनमा घातक हतियारको प्रयोग गरी सरकारले दमनकार्य तत्कालै बन्द गर्न संयुक्त राष्ट्रसङ्घले आग्रह गरी आएको छ ।

सुडानमा राजनीतिक सङ्कट गहिरिँदै जाँदा आन्दोलन चर्किएको छ । जसका कारण यहाँ प्रतिदिन हिंसा भएका समाचार आइरहेका छन् ।

### युक्रेनले किभको ‘अथक प्रतिरक्षा’ को लागि तयार छ

किभ, २९ फागुन (रासस/एएफपी) ।

युक्रेनले राजधानी किभको “अथक प्रतिरक्षा”को लागि आइतवार तयारी गरेको समाचार छ । रुसले घेरा हालेको दक्षिणी बन्दरगाह सहर मारिउपोलमा पनि बमबारी जारी राखेको छ ।

शनिबार राति सामाजिक सञ्जालमा पोस्ट गरिएको एक भिडियामा, युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनलाई जित्ने शक्ति वा आत्मा रुससँग नभएको बताउनुभएको छ ।

मारिउपोलको लागि जाँदै गरेको मानवीय सहायताको रुसी चेकपोस्टमा रोकिएको थियो । तर यो आइतवार सहरमा पुग्ने आशा गरिएको उपप्रधानमन्त्री इरिना भेरेशचुकले भन्नुभएको छ ।

रणनीतिक बन्दरगाह सहर मारिउपोलमा “मानवीय प्रकोप”को सामना गरिरहेको छ । यहाँ रुसले गरेको आक्रमणमा परी एक हजार ५०० भन्दाबढी नागरिक मारिएका छन् ।

लाखौं सर्वसाधारणलाई बाहिर निकाल्ने प्रयास बारम्बार असफल भएको छ. मरियुपोल अझै पनि घेरिएको छ ।

यो शहरलाई युद्धबाट पाउन नसक्ने रुसी भोक, निराशाले प्राप्त गर्न चाहिरहेको र युक्रेनी सेनालाई तल ल्याउन नसक्ने हुनाले उनीहरुले सर्वसाधारणलाई निशाना बनाउँछन्, फ्रान्सेली सैन्य स्रोतले भनेको समाचारमा जनाइएको छ ।

“दुर्भाग्यवश, युक्रेनमा मानवीय अवस्था द्रुतरूपमा बिग्रँदै गइरहेको छ, र केही शहरमा यो विनाशकारी अनुपातमा पुगेको छ,” रुसी राष्ट्रिय रक्षा नियन्त्रणका प्रमुखले भन्नुभएको छ ।

### युक्रेनको एलभिभमा नौको मृत्यु, ५७ घाइते

किभ, २९ फागुन (रासस/एएफपी) ।

युक्रेनको एलभिभ सहरमा रुसी पक्षले गरेको आक्रमणमा परी युक्रेनी पक्षका नौको मृत्यु भएको छ ।

रुसी सेनाले गरेको हवाई आक्रमणमा परी अरु ५७ जना घाइते भएको पनि स्थानीय सरकारी अधिकारीले जानकारी दिएका छन् ।

एलभिभ नगरका नगरप्रमुख अन्द्रीय साडोभियले आइतबार टेलिग्राममा लेख्नु भएको छ, “दुर्भाग्यवस हाम्रा नौ जनाको मृत्यु भएको छ भने ५७ घाइते भएका छन् ।”

रुसले युक्रेनमा आक्रमण गरेपछि अहिलेसम्म लाखौं मानिस विस्थापित भएका छन् । युक्रेनी नागरिकले रुसी घेराबन्दीमा परेका सहरबाट सुरक्षित ठाउँमा जाने प्रयास जारी राखेका छन् ।

ठूलो आक्रमणमा परेका स्थानबाट सर्वसाधारणलाई निकाल्ने प्रयास पनि भइरहेको अधिकारीले जनाएका छन् ।

विशेष गरेर दक्षिणी बन्दरगाह साहर मारिऊपोल, रुसी सीमासँग नजिकै रहेको सुमी तथा किएभबाहिर रहेका नगर र गाउँ बढी प्रभावित भएका हुन् ।

# जनसंख्याका आधारमा दलितलाई प्रतिनिधित्व गराउनु पर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन।**
राजनीतिक दलले जनसंख्याका आधारमा दलितलाई प्रतिनिधित्व गराउनु पर्नेमा एक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन्।

दलित सरोकार मंच नेपालद्वारा आइतबार समुदायको समानुपातिक प्रतिनिधित्वका लागि राजनीतिक दलसँग जिल्ला स्तरिय अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले सो कुरामा जोड दिएका हुन्।

कार्यक्रममा डा. बिजय कुमार मिश्रले जनसंख्याका आधारमा दलितलाई राजनीतिमा प्रतिनिधित्व गराउनुपर्ने बताउँदै मुलुक मै सप्तरी जिल्लामा सबै भन्दा बढी जनसंख्या दलितकै रहेकाले सोही आधारमा प्रतिनिधित्व गराउनुपर्ने बताए।

दलित सरोकार मंच कंचनरूपका कार्यकारी निर्देशक भोला पासवानले सप्तरीको १८ वटा स्थानिय तह मध्ये ६ वटा स्थानिय तहमा २७ प्रतिशत भन्दा बढी जनसंख्या रहेकोले पालिकामा अध्यक्ष वा नगर प्रमुखको पद दिनुपर्ने धारणा राखे। राज्यद्वारा संबैधानिक व्यबस्था अनुसार एक जना दलितलाई राजनीतिक प्रतिनिधित्व गर्ने व्यबस्था गरेपनि जनसंख्या आधारमा सहभागिता नभएकोमा उनले गुनासो पोखे।

उनले अब २५ प्रतिशत भन्दा बढी जनसंख्या भएको ठाउमा चक्रिय प्रणाली अनुसार प्रतिनिधित्व आरक्षण साझा धारण बनाएर जनसंख्या भएका स्थानिय तहमा जनप्रतिनिधित्व गराउन एकजुट भएर अगाडि बढनुपर्ने सुझाव समेत दिए।

लोसपा सप्तरी बरिष्ठ उपाध्यक्ष बौवालाल शर्माले छिन्नमस्ता गाउपालिकामा ६० प्रतिशत दलित रहेपनि महिला र दलितको सहभागिता शुन्य बराबरको रहेको बताए।

त्यस्तै नेपाली कांग्रेसका नेता कमल परियारले पार्टीले दलितलाई स्थान दिईरहेको बताउदै दलितबाट पनि अध्यक्ष वा मेयर पदमा अवसर दिनुपर्नेमा जोड दिए।

सो अवसरमा नेकपा एमाले सप्तरीका डिक बहादुर बिश्वकर्मा, नेकपा माओवादीका प्रथमलाल राम लगायतले पार्टीले दलितलाई जनसंख्या आधारमा प्रतिनिधित्व गराउनुपर्नेमा जोड दिए। कार्यक्रममा विभिन्न पार्टीका अगुवा दलित नेताहरू तथा संचारकर्मिहरूको सहभागिता रहेको थियो।

# प्रतिनिधिसभामा सभामुखको रुलिङ - सदन चलाउन सहयोग गर्नुस्

काठमाडौँ, २९ फागुन (रासस)।
सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभाको बैठकलाई प्रभावकारी बनाउन र राष्ट्रका समस्या समाधानमा केन्द्रित हुन सबै सांसदलाई आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा समेत प्रमुख विपक्षी नेकपा (एमाले) का सांसदहरुले नाराबाजीसहित विरोध गरेपछि सभामुखले विशेष रुलिङ गर्दै सो आग्रह गर्नुभएको हो। लगातार छ महिनादेखि एमालेले संसद्को कारवाहीमा सहभागी नभई नाराबाजी गरिरहेको छ। अवरोधका बीचमा अमेरिकी सहयोग सम्झौतालगायतका केही कार्यसूची अगाडि बढे पनि अरु महत्वपूर्ण कानून भने पारित हुन सकेको छैन।

प्रतिनिधिसभामा विचाराधीन रहेका ४२ विधेयकलाई नियमानुसार पारित गर्नुपर्नेछ। यस्तै नागरिकका दैनिक समस्या जनप्रतिनिधिले सरकारलाई सुनाउने, समाधानको प्रयत्न गर्ने, सरकारलाई संसद्प्रति उत्तरदायी बनाउने, कानून निर्माण एवं निगरानी गर्ने कार्यसमेत अवरोधका कारण प्रभावित हुन पुगेको सभामुखको भनाइ छ।

सभामुखले भन्नुभयो, "विचाराधीन विधेयकलाई नियमानुसार पारित गरी राज्य सञ्चालनमा सहयोग गर्नु हामी सबैको दायित्व हो।" संसद् अवरोधका कारण विधि निर्माण प्रक्रिया प्रभावित भएका तथा जनता र राष्ट्रका समस्यामा छलफल गर्न नपाएकामा सांसदहरुले आफूलाई पटकपटक ध्यानाकर्षण गराउनुभएको सभामुखले स्मरण गर्नुभयो।

संसद्लाई प्रभावकारी बनाउन आमरुपमा प्रश्न उठिरहेको तथ्य पेश गर्दै सभामुखले अवरोध अन्त्य गरी सभा सञ्चालनमा सहयोग गर्न सबै सांसदलाई सभामुखले विशेष अनुरोध गर्नुभयो।

### दश हजार ...

समानीकरण अनुदान सिफारिस गर्दा प्रदेशका हकमा जनसङ्ख्या र क्षेत्रफललाई समान भार दिइएको छ। स्थानीय तहको हकमा सिफारिस गर्दा जनसङ्ख्यालाई मुख्य आधार बनाइएको छ। प्रत्येक स्थानीय तहलाई न्यूनतम अनुदान सिफारिस गर्दा १० हजारभन्दा कम जनसङ्ख्या भएका स्थानीय तहले कम्तीमा रु दुई करोड ७५ लाखमा नघट्ने गरी अनुदान पाउनेछन्।

आयोगका अनुसार १० हजारभन्दा कम जनसङ्ख्या भएका स्थानीय तहको सङ्ख्या ४७ छन्। दश हजारदेखि २० हजार बराबरको जनसङ्ख्या भएका स्थानीय तह १९० छन्। ती स्थानीय तहले न्यूनतम रु तीन करोड बराबरको वित्तीय समानीकरण अनुदान पाउँछन्। बीस हजारदेखि ३० हजार बराबरको जनसङ्ख्या भएका स्थानीय तह २०६ छन्। ती स्थानीय तहले न्यूनतम रु तीन करोड २५ लाख बराबरको वित्तीय समानीकरण अनुदान पाउँछन्। आयोगका अनुसार ३० हजारदेखि ४० हजार बराबरको जनसङ्ख्या भएका स्थानीय तह १२० छन्। उनीहरूले समान रूपमा रु तीन करोड ५० लाख बराबरको न्यूनतम वित्तीय समानीकरण अनुदान पाउँछन्।

कूल ७५३ वटै स्थानीय तहले पाउने न्यूनतम वित्तीय अनुदानको सीमा तय गरी आयोगले सरकारलाई सिफारिस गरेको छ। सोही आधारमा नै उनीहरूले बजेट प्राप्त गर्नेछन्।

### आगलागिले एक ...

तत्कालका लागि त्रिपाल र खाद्यान्न उपलब्ध गराएका छन्। काम विशेषले काठमाडौंमा रहेका मन्त्री साहले तत्काले स्वकीय सचिव राजकुमार यादवमार्फत पीडित परिवारलाई त्रिपाल र खाद्यान्न उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ।

त्यस्तै धर्मीहल्फा महिला विकास क्लबका अध्यक्ष ईं सूर्यनारायण यादवले पनि १० थान त्रिपाल र भाडाकुडा लगायतको राहत सामाग्रि वितरण गरेको अग्मीपिडितहरुले जानकारी दिएका छन्।




अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np